Long Service Corporation
(दिर्घ सेवा निगम)

NSW GOVERNMENT



# कामदार तथ्यपत्र

## Portable long service leave (सार्न सकिने वा पोर्टेबल दिर्घ सेवा बिदा)

### सार्न सकिने दिर्घ सेवा बिदा भनेको के हो?

न्यु साउथ वेल्सको सामुदायिक सेवा क्षेत्रमा पूर्ण-कालीन तथा अंश-कालीन कामदारहरू लगायत आकस्मिक कामदारहरूको लागि पोर्टेबल दिर्घ सेवा बिदा अब **लागू भइसकेको** छ। यसले तपाईंलाई विभिन्न रोजगारदाताहरूसँग काम गरे पनि मान्य सेवाको अवधि जम्मा गर्न अनुमति दिन्छ।

यो योजना दिर्घ सेवा निगम (Long Service Corporation; LSC) द्वारा सञ्चालन गरिन्छ, जुन भवन तथा निर्माण, ठेक्का सर-सफाइ र समुदाय सेवा क्षेत्रहरूमा पोर्टेबल लामो सेवा बिदा योजनाहरू व्यवस्थापन गर्ने एनएसडब्लू सरकारको निकाय हो।

### सामुदायिक सेवा उद्योग पोर्टेबल दिर्घ सेवा बिदा योजना

पोर्टेबल दिर्घ सेवा बिदा योजना १ जुलाई २०२५ बाट सुरु भएको थियो र त्यस मितिदेखि तपाईंले गर्ने कुनै पनि काम तपाईंको बिदाको लागि गणना गरिन्छ। तपाईं सामुदायिक सेवा उद्योगमा मान्यता प्राप्त सेवाको ७ वर्ष पूरा गरेपछि पोर्टेबल दिर्घ सेवा बिदा लिन सक्नुहुन्छ ।

१ जुलाई २०२५ देखि, दर्ता भएका रोजगारदाताहरूले तपाईंको लागि पोर्टेबल दिर्घ सेवा बिदा कोष (Portable Long Service Leave Fund) मा त्रैमासिक योगदानहरू गर्नपर्छ। यदि तपाईं यस क्षेत्र भित्र नै रही काम परिवर्तन गर्नुहुन्छ भने, तपाईंको मान्यता प्राप्त सेवा योजना अन्तर्गत नै रहन्छ र निरन्तर जम्मा हुँदै जान्छ।

१ जुलाईदेखि ३१ डिसेम्बर २०२५ बीच समुदाय सेवामा कार्यरत कामदारहरूले एलएससी (LSC) बाट ३६५ दिनको आधारभूत कामदार सेवा क्रेडिट पनि प्राप्त गर्नेछन्।

यो पोर्टेबल योजनाले कुनै पनि दिर्घ सेवा बिदालाई प्रतिस्थापन गर्दैन जुन तपाईंले पहिले नै आफ्नो वर्तमान रोजगारदातासँग कमाउनुभएको छ । यदि तपाईं दिर्घ सेवा बिदा ऐन १९५५ ( Long Service Leave Act 1955) अन्तर्गत दिर्घ सेवा अवकाशको लागि योग्य हुनुभयो भने, तपाईंले त्यो बिदा सिधै आफ्नो रोजगारदातासँग दाबी गर्नुपर्नेछ।

### कसलाई समेट्छ?

यदि तपाईं एनएसडब्लू सामुदायिक सेवा क्षेत्रमा योग्य भएको काम गर्नुहुन्छ भने तपाईं यस भित्र पर्नुहुन्छ। तपाईं यस अन्तर्गत पर्ने वा नपर्ने भन्ने केवल तपाईंको जागिरको शीर्षकमा मात्र नभई, तपाईंले प्रदान गर्ने सेवाको प्रकार र तपाईंले गर्ने कार्यमा आधारित हुनेछ। तपाईंको रोजगारदाता दर्ता भएको छ कि छैन भनी तपाईंले सर्भिस एनएसडब्लू (Service NSW) मार्फतको सामुदायिक सेवा उद्योग व्यापार खोज उपकरण (Community Services Industry Business Lookup Tool) प्रयोग गरी जाँच गर्न सक्नुहुन्छ।

# दिर्घ सेवा निगम

## तपाईंको सेवा कसरी रेकर्ड गरिएको हुन्छ

तपाईंको रोजगारदाता(हरू)ले सबै योग्य कामदारहरूका विवरणहरू राख्नुपर्छ र प्रत्येक त्रैमासिकमा उनीहरूको सेवाबारे एलएससी (LSC) मा जानकारी दिनुपर्दछ। तपाईंले कामदार पोर्टल (Worker Portal)  मा आफ्नो दर्ता पूरा गर्न आवश्यक हुनेछ र आफ्नो व्यक्तिगत माईसर्भिस एनएसडब्लू (MyService NSW) खाताको माध्यमबाट आफ्नो पहिचान पुष्टि गर्नुपर्नेछ। एक पटक दर्ता भएपछि तपाईंले एक कामदार नम्बर प्राप्त गर्नुहुनेछ जुन तपाईंको व्यवसायिक जीवन भर तपाईंसँग रहनेछ, र तपाईंको सेवा सही रूपमा रेकर्ड भइरहोस् भन्नको लागि तपाईंले यो नम्बर भविष्यका रोजगारदाताहरूलाई प्रदान गर्न आवश्यक पर्दछ।

तपाईंले सामुदायिक सेवा उद्योगमा जहाँसुकै काम गरेपनि तपाईंको सेवाको गणना हुनेछ। यदि तपाईंले रोजगारदाताहरू परिवर्तन गर्नुभयो भने पनि, एलएससी (LSC)ले तपाईंको सबै सेवाहरूको ट्र्याक राख्नेछ र सबैलाई जोड्दै लैजानेछ।

## बिदा पाउन योग्य हुने अवस्था र बिदा लिने प्रक्रिया

तपाईंले १ जुलाई २०२५ देखि मान्यता प्राप्त उद्योग सेवाको ७ वर्ष पूरा गरेपछि पोर्टेबल दिर्घ सेवा बिदा लिन सक्नुहुन्छ। यो दर्ता भएका रोजगारदाताहरूमा गरेको तपाईंको कुल सेवामा आधारित हुन्छ।

तपाईं योग्य भएपछि, कामदार पोर्टल (Worker Portal) मार्फत एलएससी (LSC) लाई आफ्नो बिदा आवेदन पेस गर्न सक्नुहुन्छ। एलएससी (LSC) ले भुक्तानी गर्नुअघि तपाईंको रोजगारदाताले तपाईंको बिदा अनुरोध स्वीकृत गर्नुपर्ने हुन्छ।

एक पटकमा लिन सकिने न्यूनतम बिदा अवधि २ हप्ता हो।

तपाईंको भुक्तानी तपाईंको मान्यता प्राप्त सेवा र तपाईंको कुल साधारण ज्यालाको औसतको आधारमा गणना गरिन्छ। तपाईं आवेदन गर्दा एलएससी (LSC) ले भुक्तानी रकम पुष्टि गर्नेछ।

पोर्टेबल दिर्घ सेवा बिदाबाट प्राप्त हुने भुक्तानीलाई करयोग्य आम्दानी मानिन्छ, र यी भुक्तानीहरूमा निवृत्तिभरण (सुपरएनुएसन) दिइँदैन।

## तपाईंको सेवा ट्र्याक र विवरण अद्यावधिक गर्ने तरीका

अप्रिल २०२६ देखि, तपाईंलाई कामदार पोर्टल (Worker Portal) मा पहुँच दिइनेछ, जहाँ तपाईंले निम्न कार्यहरू गर्न सक्नुहुन्छ:

- सामुदायिक सेवा उद्योगमा तपाईंको सेवा अवधि अनुगमन गर्न
- रोजगारदाता गरेको योगदानहरू जाँच गर्न
- आफ्नो सम्पर्क विवरणहरू अद्यावधिक.गर्न

एलएससी (LSC) ले तपाईंको कामदार प्रोफाइल सिर्जना गर्नेछ र यदि तपाईं योग्य हुनुहुन्छ भने फाउन्डेसन कामदार बोनस क्रेडिट स्वतः थप्नेछ। तपाईंले प्रत्येक जुलाईमा वार्षिक विवरण प्राप्त गर्नुहुनेछ।

## रोजगारीमा विश्राम

तपाईं आफ्नो सञ्चित सेवा नगुमाईकन ४ वर्ष सम्मको लागि सामुदायिक सेवा उद्योगबाट विश्राम लिन सक्नुहुन्छ। कोष समाप्त भए पनि वा तपाईं अस्थायी रूपमा अर्को क्षेत्रमा काम गर्न गए पनि, तपाईंको सेवा सुरक्षित रहन्छ।

## थप जानकारी

दिर्घ सेवा निगमको वेबसाइटमा हेर्नुहोस् वा सम्पर्क गर्नुहोस्:

13 14 41

Long Service Corporation - NSW